जल तथा ऊर्जा आयोगको सचिवालय

पुल्चोक, ललितपुर

## "सरसफाई तथा बगैंचा" सेवा करारमा लिने सम्बन्धी

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०५।२४)

यस सचिवालयको "सरसफाई तथा बगैंचा" सम्बन्धी कार्य करार सेवामा गराउनु पर्ने भएकोले ईच्छुक फर्म/कम्पनीबाट कार्यक्षेत्रगत शर्तहरू (Terms of Reference) को अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक सेवाप्रदायक फर्म/कम्पनीले रू. १०००। (एक हजार मात्र) फारम दस्तुर तिरी (फिर्ता नहुने गरी) कम्पनी/फर्म दर्ताको प्रमाण पत्र, स्था.ले.नं/मू.अ.क. दर्ताको प्रमाणपत्र र आ.व. ०८१/८२ को कर चुक्ता प्रमाण पत्रहरूको प्रतिलिपि बुझाई यस सचिवालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

| सिलबन्दी दरभाउपत्र नं. | विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति र समय | फाराम बुझाउने अन्तिम मिति र समय | प्रस्ताव खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| WECS/SQ/ Services/83-84-02 | सरसफाई तथा बगैंचा सेवा सम्बन्धी कार्य | रु.१०००/- | २०८३/०६/०७ गते (अफिस समय भित्र) | २०८३/०६/०८ गते (अपरान्ह १२:०० बजे भित्र) | २०८३/०६/०८ गते (दिँउसो १२:३० बजे पछि) |

अन्य जानकारीः

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (मितिः२०८३।०६।०७ सम्म कार्यालय समयभित्र नगद रु.१,०००/- (एक हजार मात्र) (फिर्ता नहुने गरी) तिरी सचिवालयबाट खरिद गरी वा महालेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैंक लिमिटेडमा रहेको राजस्व खाता नं. ००१०१००००००००१००१००१ मा यस कार्यालयको कार्यालय कोड ३०८२१३४०२ शीर्षक १४२२९ उल्लेख गरी नगद दाखिला भएको सक्कल भौचर पेश गरी प्राप्त गर्न सकिनेछ र १६ औं दिन (मितिः २०८३।०६।०८) को १२:०० बजेभित्र दरभाउपत्र फाराम सचिवालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका फारामहरू सोही दिनको १२:३० बजे सेवाप्रदायक वा निजको मञ्जुरीनामा-पत्र सहितको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। सेवाप्रदायक वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै वाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने/ बुझाउने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यस लगतैको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।

२. दरभाउपत्र फाराम साथ निम्नलिखित कागजपत्रहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

(क) कम्पनी/फर्म दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि,

(ग) आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

(घ) सिलबन्दी दरभाउपत्रसाथ जमानत वापत रू. ४०,०००/- (अक्षरूपी चालिस हजार मात्र।) रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुर नाममा नेपाल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ०१८०१०००००२००३०००००१ मा यस कार्यालयको कार्यालय कोड ३०८२१३४०२ उल्लेख गरी नगद दाखिला भएको सक्कल भौचर वा दरभाउपत्र खोल्ने मितिबाट न्यूनतम ७५ दिन अवधि रहेको नेपाल सरकारबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी सक्कल बैंक जमानत पत्र संलग्न गरी पेश गर्नुपर्नेछ।

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
पुल्चोक, ललितपुर